वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १८६ | २०८३ कात्तिक २९ गते आइतबार, नेपाल सम्वत् ११४७ November 15, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



धान खेती थन्काउने चटारो

तनहुँको आँवुखैरेनी गाउँपालिकाका कृषकहरू धान काट्दै । असारमा रोपिएको वर्षेधान पाकेपछि यतिबेला कृषकहरू काट्ने, सुकाउने, उठाउने र धान झारेर भण्डारण गर्ने चटारोमा छन् । मौसम परिवर्तन भई पानी पर्न सक्ने सम्भावना रहेको सूचना सार्वजनिक भएसंगै यतिबेला कृषकहरू पाकेको धान खेती बिग्रने हो कि भन्ने चिन्तामा परेका छन् ।

तस्विर : भञ्ज्याङ

गाँजाले शरीरमा कस्तो असर पार्छ ?

मेरिल डेभिड्स लानडाउ

गाँजाको नियमित प्रयोगले गम्भीर शारीरिक समस्याहरु जस्तै हृदयघात, मस्तिष्कघात र अन्य मुटुरोगको जोखिम उच्च रहन्छ । गाँजाको नियमित सेवनले डिप्रेसनदेखि मुटुरोगसम्मका थुप्रै नकारात्मक स्वास्थ्य समस्याहरुको जोखिम बढाउने विज्ञहरुले चेतावनी दिएका छन् । पछिल्ला वर्षहरुमा अमेरिकाका २४ वटा राज्य र डिस्ट्रिक्ट अफ कोलम्बियाले मनोरञ्जनका लागि गाँजाको प्रयोगलाई कानुनी मान्यता दिएका छन् । यस बदलिँदो परिस्थितिले गाँजा सेवनकर्ताहरुको संख्यामा उल्लेख्य वृद्धि गराएको छ।

हाल करिब ६ करोड २० लाख अमेरिकीहरुले यसको प्रयोग गरिरहेका छन् । यद्यपि, कानुनी मान्यता पाउनुको अर्थ यसको नियमित सेवन पूर्ण रूपमा सुरक्षित छ भन्ने पक्कै होइन। मुख सुक्खा हुनु वा थकान महसुस हुनु सामान्य असर भए पनि गाँजा सेवनले गम्भीर मानसिक तथा शारीरिक समस्याहरु निम्त्याउने प्रमाणहरु निरन्तर बढिरहेका छन् । एउटा अध्ययनले त गाँजा सेवनलाई मुटुरोगसँग समेत जोडेको छ ।

ओटावा विश्वविद्यालयका मनोचिकित्सक मार्को सोल्मी भन्छन्, 'मानिसहरु गाँजाको नाम सुन्नासाथ बब मार्लेलाई सम्झन्छन्। प्रकृतिप्रदत्त वनस्पति भएकाले यसले कुनै हानि गर्दैन भन्ने धेरैको बुझाइ हुन्छ ।' यद्यपि, चिकित्सासम्बन्धी प्रतिष्ठित जर्नल 'बीएमजे'मा प्रकाशित उनको अनुसन्धान समीक्षाले गाँजाका अनेकौं सम्भावित जोखिमहरु औंल्याएको छ ।

कोलम्बिया विश्वविद्यालयकी महामारीविद् डेबोरा हासिनले गाँजाको असर ओपियोइड (कडा लागूऔषध) जस्तो घातक नभएको बताएकी छन्। गाँजाको प्रयोग र दुरूपयोगबारे अध्ययन गरेकी उनी भन्छिन्, 'गाँजाको अत्यधिक मात्रा (ओभरडोज) का कारण मानिसको मृत्यु हुँदैन । तर, यसले शारीरिक र मानसिक स्वास्थ्यमा थुप्रै दीर्घकालीन असरहरु भने पार्न सक्छ ।'

पहिलेभन्दा निकै शक्तिशाली बन्दै गएको गाँजा

हाल देखिएका स्वास्थ्य समस्याहरुको मुख्य कारण बजारमा उपलब्ध शक्तिशाली प्रजातिहरु हुन्। सिकागोस्थित ल्युरी चिल्ड्रेन्स अस्पतालको कुलत रोकथाम कार्यक्रमकी मेडिकल डाइरेक्टर मारिया रहमानदारका अनुसार आजको गाँजा अघिल्ला पुस्ताले प्रयोग गर्ने जस्तो सामान्य छैन। नेसनल एकेडेमी अफ साइन्सेज, इन्जिनियरिङ एन्ड मेडिसिनको हालैको छलफलमा उनले यस विषयलाई स्पष्ट पारेकी थिइन्।

रहमानदार भन्छिन्, 'अहिलेका उत्पादनहरु धेरै शक्तिशाली छन्। यी विभिन्न रूपमा उपलब्ध हुने भएकाले सन् ६० वा ९० को दशकको



गाँजाभन्दा निकै फरक छन् ।' हाल मानिसहरुले गाँजा सेवन गर्ने तरिकाले गर्दा यसमा पाइने मुख्य सक्रिय तत्व 'टेट्राहाइड्रोक्यानाबिनोल(टीएचसी) शरीरभित्र पुग्ने मात्रा निकै बढेको छ। परम्परागत रूपमा गाँजा बेरेर धुम्रपान गर्नुको तुलनामा 'भेपिङ' वा खान मिल्ने परिकार (इडिबल्स) मार्फत सेवन गर्दा शरीरमा यसको उच्च मात्रा पुग्ने रहमानदार बताउँछिन्।

मस्तिष्कमा गाँजाको असर

नियमित गाँजा सेवनको एउटा कम प्रचारित तर गम्भीर जोखिम 'सब्स्ट्यान्स-एब्युज साइकोसिस' (मानसिक भ्रम) हो। यस अवस्थामा व्यक्तिमा अत्यधिक शंका लाग्ने, नभएका आवाजहरु सुनिने र केही समयका लागि वास्तविक संसारसँगको सम्बन्ध टुट्ने जस्ता लक्षणहरु देखिन्छन्। यो अल्पकालीन समस्या सामान्यतया केही दिनमै ठीक भए पनि कतिपय बिरामीलाई अस्पताल नै भर्ना गर्नुपर्ने हुन्छ।

मनस्थिति परिवर्तन गर्ने कुनै पनि नशालु पदार्थबाट यो अवस्था आउन सक्ने भए पनि कोकिनको तुलनामा गाँजाबाट यसको जोखिम अझ बढी रहने सोल्मी बताउँछन्।

उनी भन्छन्, 'दैनिक गाँजा सेवन गर्दा यस्तो मानसिक भ्रमको सिकार हुने सम्भावना अत्यधिक रहन्छ। यसबाट जोगिन कति मात्रा सुरक्षित हुन्छ भनेर यकिन गर्न

बाँकी अन्तिम पेजमा

विदेशको कमाइ गाउँमै, गाईपालनबाट ईश्वरको वार्षिक झन्डै १५ लाख आम्दानी

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको व्यास नगरपालिका-१२ का ईश्वर कार्कीले व्यावसायिक गाईपालनलाई आम्दानीको भरपर्दो माध्यम बनाएका छन् । गाईपालनबाट उत्पादित दूध बिक्री गरेर उनले एक वर्षमा झन्डै १५ लाख रूपैयाँ आम्दानी गर्न सफल भएका छन् । विदेशमा गर्ने मेहनत र परिश्रम आफ्नै गाउँमा पशुपालनमा लगाउन सके स्वदेशमै राम्रो कमाइ गर्न सकिने उनको अनुभव छ ।



दूध उत्पादनमा उत्कृष्ट योगदान पुऱ्याएको भन्दै बन्दीपुर गाउँपालिका-१ बेलभञ्ज्याङस्थित सूर्योदय दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले कार्कीलाई सम्मान गरेको छ । सहकारीको शनिबार सम्पन्न ३०औं वार्षिक साधारण सभामा उनलाई सर्वोत्कृष्ट दूध उत्पादक किसानका रूपमा पाँच हजार रूपैयाँ नगदसहित सम्मान गरिएको हो ।


संस्थाका उपाध्यक्ष टीकाराम गिरीका अनुसार कार्कीले एक वर्षको अवधिमा २३ हजार ५३८ लिटर दूध बिक्री गरेर १४ लाख ९४ हजार ५१६ रूपैयाँ आम्दानी गरेका थिए। गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा, तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष तुलसीराम सापकोटा र सहकारीका अध्यक्ष दीपक कार्कीले उनलाई सम्मानपत्र प्रदान गरी सम्मान गरेका थिए ।

दूध उत्पादनबाट राम्रो आम्दानी हुन थालेपछि कार्कीले आफ्नो व्यवसाय विस्तार गर्ने योजना बनाएका छन् । हालको उत्पादनलाई अझ बढाउन थप १० वटा गाई पाल्ने तयारीमा रहेको उनले सुनाए ।

विदेशमा रोजगारीका लागि जाने युवाले त्यहाँ गर्ने दुःख र मेहनत आफ्नै माटोमा व्यावसायिक कृषि तथा पशुपालनमा लगाउन सके राम्रो आम्दानी गर्न सकिने

बाँकी तेश्रो पेजमा

कहिले फुट्ला एआई बबल ?



अक्टोबर २९ मा गुगलको मूल कम्पनी अल्फाबेटको सेयर मूल्यमा आएको तीव्र गिरावटका कारण एकै दिनमा करिब ४७५ अर्ब अमेरिकी डलरबराबरको बजार पुँजीकरण घटेको रिपोर्ट सार्वजनिक भयो। नोभेम्बर ५ मा चिप उत्पादक कम्पनी एनभिडियाको सेयर मूल्य ९.३ प्रतिशत घट्दा कम्पनीले एकै दिनमा ४४७ अर्ब डलरबराबरको बजार मूल्य गुमायो। त्यही दिन अमेरिकी प्रविधि कम्पनीहरूको सेयरमा व्यापक बिक्री हुँदा नास्डाक कम्पोजिट सूचक ५.५ प्रतिशत र नास्डाक-१०० सूचक ६.३ प्रतिशतले घटे ।

सेयर मूल्यमा आएको गिरावटले लगानीकर्तामाझ एउटा पुरानै प्रश्न ब्युँझिएको छ : के कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा भइरहेको लगानी अर्को ठूलो वित्तीय बबलको संकेत हो ?

सन् २००० को डट-कम बबल फुट्दा इन्टरनेट प्रविधिको भविष्यप्रति लगानीकर्ताको ठूलो उत्साह थियो। इन्टरनेटमा आधारित कम्पनीको सेयर मूल्य वास्तविक आम्दानी र व्यावसायिक क्षमताभन्दा धेरै माथि पुगेको थियो। तर अपेक्षाअनुसार आम्दानी र नाफा हुन नसकेपछि ती कम्पनीको मूल्य तीव्र रूपमा घट्यो। धेरै कम्पनी बन्द भए, लगानीकर्ताले ठूलो नोक्सानी बेहोरे र नास्डाक सूचक ७७.९ प्रतिशतसम्म खस्कियो ।

आज एआई प्रविधिमा पनि यस्तै अवस्था सिर्जना भइरहेको छ कि छैन भन्ने बहस सुरू भएको छ । विश्वका ठूला प्रविधि कम्पनीले डेटा सेन्टर, चिप, विद्युत् आपूर्ति र कम्प्युटिङ पूर्वाधारमा खर्बौं डलर खर्च गर्ने योजना बनाएका छन्। तर यति ठूलो लगानीबाट कति आम्दानी हुन्छ, लगानीको प्रतिफल कहिले आउँछ र अहिले निर्माण भइरहेका पूर्वाधारको दीर्घकालीन उपयोग कति हुन्छ भन्ने प्रश्नको उत्तर अझै स्पष्ट छैन । यो बहस बुझ्न सबैभन्दा पहिले डट-कम बबलको इतिहास र अहिलेको एआई लगानीको संरचना बुझ्न आवश्यक छ ।

डट-कम बबल : इन्टरनेटको सपना र लगानीकर्ताको निराशा

सन् १९९० को दशकमा विश्वभर कम्प्युटर र इन्टरनेटको प्रयोग तीव्र गतिमा विस्तार भइरहेको थियो। इन्टरनेटले व्यापार, सञ्चार, सूचना आदानप्रदान र दैनिक जीवनमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको थियो। सरकार, व्यापारी, प्रविधि कम्पनी, लगानीकर्ता र सामान्य मानिस सबैका लागि इन्टरनेट भविष्यको प्रविधि बनेको थियो ।

सन् १९९९ सम्म आइपुग्दा इन्टरनेटमा आधारित कम्पनीहरु सेयर बजारमा आकर्षणको केन्द्र बनिसकेका थिए। कुनै कम्पनीले आफ्नो नाम वा व्यवसायमा इन्टरनेट जोड्नासाथ लगानी जुटाउन सहज हुने अवस्था बनेको थियो। कम्पनीले तत्काल नाफा कमाएको छ कि छैन भन्नेभन्दा भविष्यमा कति ठूलो बजार ओगट्न सक्छ भन्ने अनुमानका आधारमा मूल्याङ्कन हुन थालेको थियो ।

युनिभर्सिटी अफ फ्लोरिडाका प्राध्यापक जे रिटर र टिम लफरनको अनुसन्धानअनुसार सन् १९९९ र २००० मा सार्वजनिक निष्कासन (आईपीओ) गरेका कम्पनीको पहिलो दिनको औसत प्रतिफल ६४.६ प्रतिशत थियो । सन् १९९० देखि १९९८ सम्म यस्तो प्रतिफल औसत १४.८ प्रतिशत मात्रै थियो। यसले त्यतिबेला नयाँ कम्पनीका सेयरप्रति लगानीकर्ताको असाधारण आकर्षण देखाउँछ।

डट-कम बबलका चर्चित उदाहरणमध्ये ग्लोबल क्रसिङ एउटा हो। इन्टरनेटको भविष्यमा ठूलो सम्भावना देखेको यस कम्पनीले विश्वका विभिन्न महादेशलाई जोड्ने फाइबर अप्टिक्स केबल नेटवर्क निर्माण गरेको थियो। एसिया, युरोप, उत्तर अमेरिका र ल्याटिन अमेरिकाबीच उच्च गतिमा डेटा प्रवाह गर्न सक्ने पूर्वाधार बनाउने यसको योजना थियो ।

तर कम्पनीले अनुमान गरेजति ग्राहक र आम्दानी जुटाउन सकेन। दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढ्दै जाँदा सेवाको मूल्य घट्यो। कम्पनीले पूर्वाधार निर्माणका लागि ठूलो ऋण लिएको थियो, तर त्यसअनुसार आम्दानी हुन सकेन। सन् २००२ जनवरीमा १२ अर्ब डलरभन्दा बढी ऋणको भारसहित ग्लोबल क्रसिङले अमेरिकाको अदालतमा ऋण पुनर्संरचनाका लागि च्याप्टर ११ प्रक्रिया सुरू गऱ्यो ।

कम्पनीले निर्माण गरेको नेटवर्कका केही भाग तत्काल पर्याप्त रूपमा प्रयोगमा आएका थिएनन्। त्यसैले ती केबललाई 'डार्क फाइबर' भनियो। तर यसको अर्थ ती सबै पूर्वाधार सधैंका लागि बेकार भए भन्ने होइन। समयसँगै इन्टरनेटको माग बढ्दा त्यसमध्येका धेरै पूर्वाधार प्रयोगमा आए। ग्लोबल क्रसिङको सञ्जाल पनि पुनर्संरचनापछि अर्को कम्पनीको स्वामित्वमा गयो ।

नेटस्केप पनि डट-कम युगको चर्चित कम्पनी थियो । यसले अगस्ट १९९५ मा प्रतिकित्ता २८ अमेरिकी डलरमा आईपीओ जारी गरेको थियो । पहिलो दिन कारोबार हुँदा सेयर मूल्य ७५ डलरसम्म पुगेको थियो र अन्त्यमा ५८.२५ डलरमा बन्द भएको थियो। तर नेटस्केप डट-कम बबल फुटेर बन्द भएको कम्पनी भने होइन । सन् १९९८ मा एओएलले यसलाई करिब ४.२ अर्ब डलरमा अधिग्रहण गरेको थियो।

डट-कम बबल फुट्न थालेपछि लगानीकर्ताले नाफा कमाउन सक्ने आधार नभएका कम्पनीबाट पैसा झिक्न थाले। आम्दानी र व्यावसायिक मोडल प्रमाणित गर्न नसकेका कम्पनी धराशायी भए। त्यसको असर इन्टरनेटमा आधारित ठूला कम्पनीसम्म पुग्यो ।

नास्डाक कम्पोजिट सूचकाङ्क १० मार्च २००० मा ५ हजार ४८.६२ बिन्दुमा पुगेको थियो। त्यसपछि निरन्तर घट्दै ९ अक्टोबर २००२ मा १ हजार ११४.११ बिन्दुमा झऱ्यो । उच्च बिन्दुबाट तल्लो बिन्दुसम्म यसको गिरावट ७७.९ प्रतिशत थियो । त्यसपछिका वर्षमा इन्टरनेट प्रविधिको प्रयोग र व्यापार झन् विस्तार भयो, तर त्यो अवधिका धेरै कम्पनीले भने अस्तित्व जोगाउन सकेनन् ।

यसको पाठ, प्रविधि असफल भएको होइन । प्रविधिको भविष्यप्रति वास्तविक सम्भावना हुँदाहुँदै पनि त्यसको नाममा गरिएको अत्यधिक लगानी, अवास्तविक मूल्याङ्कन र आम्दानीको कमजोर आधारले वित्तीय संकट सिर्जना गर्न सक्छ भन्ने हो।

एआई बबल : लगानी र प्रतिफलबीचको असन्तुलन

अहिले एआई क्षेत्रमा पनि भविष्यको विशाल सम्भावनालाई आधार बनाएर लगानी भइरहेको छ। ओपनएआई, गुगल, एन्थ्रोपिक, माइक्रोसफ्ट, मेटा, अमेजन, एनभिडिया र ओराकलजस्ता कम्पनीले एआई मोडल, चिप, डेटा सेन्टर र क्लाउड पूर्वाधारमा ठूलो रकम खर्च गरिरहेका छन्।

यसको मुख्य कारण एआईको बढ्दो माग र प्रतिस्पर्धा हो। कम्पनीहरु सकेसम्म शक्तिशाली एआई प्रणाली विकास गर्न, आफ्ना प्रतिस्पर्धीभन्दा अगाडि पुग्न र भविष्यको बजारमा आफ्नो स्थान सुरक्षित गर्न चाहन्छन् ।

कतिपय कम्पनीको दीर्घकालीन लक्ष्य सामान्य कृत्रिम बुद्धिमत्तादेखि मानव क्षमताभन्दा माथि पुग्ने सुपर इन्टेलिजेन्ससम्म विकास गर्नु हो । तर सबै एआई कम्पनीको एउटै लक्ष्य वा व्यावसायिक रणनीति छैन। केही कम्पनी कार्यालयको काम स्वचालित बनाउने, केही सफ्टवेयर निर्माण, केही अनुसन्धान र केही उपभोक्तालाई सेवा बेच्ने क्षेत्रमा केन्द्रित छन् । एआई विकासको यो प्रतिस्पर्धामा कम्प्युटिङ क्षमता निर्णायक बनेको छ। शक्तिशाली एआई मोडल तालिम दिन र ठूलो संख्यामा प्रयोगकर्तालाई सेवा दिन हजारौं चिप, विशाल डेटा सेन्टर, पर्याप्त विद्युत् र उच्च क्षमताको नेटवर्क आवश्यक पर्छ ।

यही कारण एआई कम्पनीको लगानी अब सफ्टवेयरमा मात्रै सीमित छैन। उनीहरु विद्युत् उत्पादन, चिप निर्माण, शीतलीकरण प्रणाली, डेटा सेन्टरका भवन र उच्च क्षमताका नेटवर्कसम्म लगानी गरिरहेका छन् । जेपी मोर्गन ग्लोबल रिसर्चको अक्टोबर १९, २०२६ को अनुमानअनुसार एआई पूर्वाधारमा विश्वव्यापी पुँजीगत खर्च सन् २०२६ मा करिब ९०० अर्ब अमेरिकी डलर पुग्न सक्छ । सन् २०३० सम्म यस्तो खर्च ५.५ ट्रिलियन डलर पुग्ने अनुमान गरिएको छ। यो भविष्यको प्रक्षेपण हो, भइसकेको वास्तविक खर्च होइन । यति ठूलो खर्च भइरहँदा कम्पनीहरूमाथि आफ्नो लगानीको प्रतिफल देखाउने दबाब पनि बढेको छ। एआई सेवा प्रयोग गर्ने ग्राहक बढे पनि त्यसबाट आउने आम्दानीले चिप, डेटा सेन्टर, विद्युत्, कर्मचारी र ऋणको खर्च धान्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठिरहेको छ ।

तीन ठूला चुनौती

१. अभूतपूर्व डेटा सेन्टर खर्च

एआईको विकासका लागि डेटा सेन्टर अत्यावश्यक छन्। डेटा सेन्टरमा कम्प्युटर सर्भर, चिप, भण्डारण प्रणाली, नेटवर्क र शीतलीकरण उपकरण राखिन्छन्। अत्यन्त शक्तिशाली एआई मोडललाई तालिम दिन र चलाउन ठूलो कम्प्युटिङ क्षमता चाहिन्छ ।

यसका लागि अहिले विश्वभर विशाल डेटा सेन्टर परिसर निर्माण भइरहेका छन्। यी पूर्वाधार बनाउन अर्बौं डलर खर्च हुन्छ। त्यसपछि सञ्चालन गर्न विद्युत्, शीतलीकरण, मर्मतसम्भार र प्राविधिक जनशक्तिमा पनि निरन्तर खर्च गर्नुपर्छ।

जेपी मोर्गनको विश्लेषणअनुसार एआई पूर्वाधारमा लगानी बढ्दै जाँदा कम्पनीहरूले आफ्नै आम्दानीबाट मात्रै खर्च धान्न नसक्ने अवस्था पनि सिर्जना हुन सक्छ। त्यसैले उनीहरु ऋण, बन्ड र बाह्य लगानीमा निर्भर हुन थालेका छन्। यसको अर्थ एआईमा लगानीको जोखिम अब प्रविधि विकासमा मात्रै सीमित छैन, वित्तीय प्रणालीसँग पनि जोडिन थालेको छ।

२. आम्दानी र सस्तो सदस्यता मोडलको दबाब

एआई कम्पनीहरुले सामान्य उपभोक्तादेखि ठूला व्यावसायिक संस्थासम्मका लागि सेवा उपलब्ध गराइरहेका छन्। धेरै सेवामा निःशुल्क प्रयोगको विकल्प छ भने सशुल्क सदस्यता पनि तुलनात्मक रूपमा सस्तो राखिएको छ । यसले प्रयोगकर्ता बढाउन मद्दत गरेको छ। तर शक्तिशाली एआई मोडल सञ्चालन गर्न लाग्ने कम्प्युटिङ खर्च अत्यधिक हुन सक्छ। विशेषगरी प्रयोगकर्ताले धेरै प्रश्न सोध्दा, लामो दस्तावेज प्रशोधन गर्दा, चित्र तथा भिडियो निर्माण गर्दा र एआई एजेन्टमार्फत काम गराउँदा कम्प्युटिङ स्रोतको खपत बढ्छ ।

त्यसैले कम्पनीहरूले सदस्यता शुल्क, विज्ञापन, व्यावसायिक सेवा र अन्य स्रोतबाट पर्याप्त आम्दानी गर्न सकेनन् भने सेवा विस्तारसँगै नोक्सानी पनि बढ्न सक्छ । तर एआई कम्पनीहरूले आम्दानी नै गरिरहेका छैनन् भन्ने निष्कर्ष पनि गलत हुन्छ। स्ट्यानफोर्ड विश्वविद्यालयको सन् २०२६ को एआई इन्डेक्सअनुसार सन् २०२५ मा सर्वेक्षणमा सहभागी संस्थामध्ये ८८ प्रतिशतले कम्तीमा एउटा व्यावसायिक काममा एआई प्रयोग गरेको बताएका थिए। यो अघिल्लो वर्षको ७८ प्रतिशतभन्दा बढी हो। यसले एआईको वास्तविक प्रयोग बढिरहेको देखाउँछ ।

त्यस्तै, रोयटर्सले सेप्टेम्बर २०२६ मा ओपनएआईको वार्षिकीकृत आम्दानी करिब ५० अर्ब डलर पुगेको रिपोर्ट गरेको थियो। वार्षिकीकृत आम्दानी भनेको हालको आम्दानीको गति एक वर्षसम्म कायम रहे कति आम्दानी हुन सक्छ भन्ने अनुमान हो। यो लेखापरीक्षणबाट प्रमाणित वार्षिक खुद नाफा होइन । यसैले एआईको वास्तविक माग र आम्दानी बढिरहेको छ। तर त्यसको तुलनामा पूर्वाधार विस्तार र सञ्चालन खर्च कति छ भन्ने प्रश्न महत्त्वपूर्ण छ।

३. सुपर इन्टेलिजेन्सको अनिश्चितता

एआई क्षेत्रमा लगानीको एउटा प्रमुख आधार भविष्यमा अझ शक्तिशाली प्रणाली विकास हुने अपेक्षा हो। केही कम्पनी मानव क्षमताभन्दा माथि पुग्ने कृत्रिम बुद्धिमत्ता विकास गर्ने लक्ष्यमा छन्। तर त्यस्तो प्रणाली कहिले सम्भव हुन्छ, त्यसको लागत कति हुन्छ र त्यसबाट कति आम्दानी गर्न सकिन्छ भन्ने निश्चित छैन।

एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकृत डारियो अमोदेईले पनि कम्पनीले भविष्यको मागको अनुमानका आधारमा अत्यधिक ठूलो कम्प्युटिङ क्षमता पहिले नै खरिद गर्ने निर्णय गर्दा जोखिम हुन सक्ने बताएका छन् । आम्दानी वृद्धिको अनुमान एक वर्ष मात्र गलत भए पनि त्यस्तो पूर्वाधारमा ठूलो प्रतिबद्धता जनाउने कम्पनी आर्थिक संकटमा पर्न सक्ने उनको तर्क थियो। यो उदाहरण एन्थ्रोपिक आफैं टाट पल्टिने निश्चित समयसीमा होइन, भविष्यको आम्दानी र पूर्वाधार खर्चबीचको अनिश्चितता देखाउने परिकल्पित अवस्था हो ।

चक्रीय लगानीको खेलः एउटै बजारमा एकअर्काका लगानीकर्ता र ग्राहक

एआई बबलको बहसमा सबैभन्दा बढी उठ्ने विषय कम्पनीहरूबीचको चक्रीय लगानी हो। यसको अर्थ एउटा कम्पनीले अर्को कम्पनीमा लगानी गर्छ, त्यही कम्पनीले लगानीकर्ताकै उत्पादन वा सेवा किन्छ र त्यसबाट पहिलो कम्पनीको आम्दानी तथा बजार मूल्य बढ्ने अवस्था सिर्जना हुन्छ। यसले एआई क्षेत्रमा वास्तविक माग कति छ र लगानी तथा आपसी सम्झौताले कति माग सिर्जना गरेको हो भन्ने प्रश्न उठाएको छ।

एनभिडिया र ओपनएआई

सन् २०२५ सेप्टेम्बर २२ मा एनभिडिया र ओपनएआईले कम्तीमा १० गिगावाट क्षमताको एआई पूर्वाधार विकास गर्ने रणनीतिक साझेदारीको आशयपत्र सार्वजनिक गरेका थिए। त्यसका लागि एनभिडियाले पूर्वाधार निर्माणको प्रत्येक

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आत्मविश्वास र उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्नेछन् । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ।

वृष
आर्थिक पक्ष सबल बन्ने संकेत छ । रोकिएको धन प्राप्त हुन सक्छ । नयाँ कामको योजना बन्नेछ ।

मिथुन
अध्ययन तथा बौद्धिक कार्यमा सफलता मिल्नेछ। नयाँ व्यक्तिसँगको भेटघाटले अवसर को ढोका खोल्न सक्छ ।

कर्कट
महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोला । खर्च बढ्न सक्ने भएकाले आर्थिक कारोबारमा सचेत रहनु आवश्यक छ ।

सिंह
आम्दानीका नयाँ स्रोत पहिल्याउन सकिनेछ । उच्च पदस्थ व्यक्तिबाट सहयोग मिल्नेछ ।

कन्या
आर्थिक कारोबारमा सुधार हुनेछ । प्रतिस्पर्धात्मक काममा सफलता मिल्ने सम्भावना छ ।

तुला
भाग्यले साथ दिनेछ। रोकिएका योजना अघि बढ्नेछन् । धार्मिक तथा सामाजिक कार्यमा रूचि बढ्नेछ ।

वृश्चिक
आर्थिक तथा व्यावसायिक विषयमा सावधानी अपनाउनुपर्नेछ । अरूको भर मा महत्वपूर्ण निर्णय नगर्नुहोला।

धनु
व्यापार तथा साझेदारीका काममा सफलता मिल्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ। दाम्पत्य जीवन सुखद रहनेछ

मकर
मेहनत र लगनशीलताले जिम्मेवारी पूरा गर्न सकिनेछ। स्वास्थ्यमा थकान महसुस हुन सक्छ ।

कुम्भ
सिर्जनात्मक काममा सफलता मिल्नेछ । अध्ययन, कला तथा मनोरञ्जनका क्षेत्रमा रूचि बढ्नेछ ।

मीन
जग्गाजमिन वा सम्पत्ति सम्बन्धी विषयमा सकारात्मक छलफल हुन सक्छ । कार्यक्षेत्रमा धैर्य राख्नुहोला।

विदेशको कमाइ गाउँमै, गाईपालनबाट .....

उनको सुझाव छ । तर, यसका लागि किसानलाई उत्पादनमा मात्र होइन, बजार र मूल्यमा समेत ढुक्क हुने वातावरण आवश्यक रहेको उनले बताए ।

उनले भने, "विदेशमा गर्ने मेहनत आफ्नै गाउँमा पशुपालनमा लगाउन सके राम्रो आम्दानी गर्न सकिन्छ । त्यसका लागि किसानलाई प्रोत्साहन गर्ने, उत्पादनको उचित मूल्य र बजार सुनिश्चित गर्ने किसानमैत्री योजना तीनै तहका सरकारले ल्याउनुपर्छ।"

सहकारीले प्रदान गरेको बजार र नियमित भुक्तानीको सुविधाले पनि दूध उत्पादनमा लाग्न किसानलाई सहज बनाएको छ । सहकारीले प्रत्येक १५ दिनमा दूधको भुक्तानी गर्दै आएको छ भने संकलन तथा ढुवानीको व्यवस्था मिलाएको छ । किसानले उत्पादन गरेको दूध खेर जान नदिई सबै खरिद गर्ने व्यवस्था गरिएको संघका अध्यक्ष सापकोटाले जानकारी दिए ।

यसैगरी, सहकारीले दूध उत्पादनका आधारमा दोस्रो र तेस्रो स्थान हासिल गर्ने किसानलाई पनि सम्मान गरेको छ । दोस्रो हुनुभएकी सावित्री सुवेदीले आठ हजार ६९२ लिटर दूध बिक्री गरेर पाँच लाख ३८ हजार ९१० रूपैयाँ आम्दानी गरेकी छन् । तेस्रो भएका ७४ वर्षीय रूद्रनिधि नैनाबस्तीले पाँच हजार ९४६ लिटर दूध बिक्रीबाट तीन लाख ८० हजार ५८८ रूपैयाँ आम्दानी गर्न सफल भएका छन् । तीनै जना किसानलाई नगद पुरस्कार र सम्मानपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष थापाले कृषि तथा पशुपालनलाई गाउँपालिकाले प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए । दूध उत्पादनमा दिइने अनुदानले किसानलाई व्यवसायप्रति प्रोत्साहित गर्नुका साथै चाडपर्वका बेला घरखर्च व्यवस्थापनमा समेत सहयोग पुगेको उनको भनाइ थियो।

संघका अध्यक्ष सापकोटाले दूधको बजार र भुक्तानी सुनिश्चित हुनु नै व्यावसायिक पशुपालनको मुख्य आधार भएको बताए । किसानले उत्पादन गरेको दूध बिक्री नहुने वा भुक्तानी नपाइने समस्या नहुने वातावरण बनाउन सके उत्पादन बढाउन थप उत्साह मिल्ने उनले उल्लेख गरे ।

कार्यक्रममा व्यास नगरपालिका-१२ का वडा सदस्य हर्कबहादुर कार्की र बन्दीपुर गाउँपालिका-१ का वडा सदस्य प्रेमबहादुर शाहीले उत्पादन लागतअनुसार दूधको मूल्य सुनिश्चित गर्नुपर्नेमा जोड दिए । पशुपालनमा किसानको आकर्षण बढाउन उत्पादनको उचित प्रतिफल र बजारको सुनिश्चितता आवश्यक रहेको उनिहरूको भनाइ थियो । साधारण सभाको अवसरमा सहकारीको व्यवस्थापनमा उत्कृष्ट कार्य गरेको भन्दै व्यवस्थापक भीमबहादुर अर्याललाई पनि सम्मान गरिएको थियो ।

कहिले फुट्ला एआई .....

चरणसँगै क्रमशः १०० अर्ब डलरसम्म ओपनएआईमा लगानी गर्ने आशय व्यक्त गरेको थियो।

यसलाई एनभिडियाले तत्काल ओपनएआईमा १०० अर्ब डलर लगानी गरिसकेको अर्थमा बुझ्न मिल्दैन । यो पूर्वाधार निर्माणसँगै चरणबद्ध रूपमा अघि बढ्ने प्रस्ताव थियो। त्यसपछि सन् २०२६ फेब्रुअरी २७ मा ओपनएआईले थप ११० अर्ब डलर लगानी प्राप्त गर्ने घोषणा गऱ्यो। त्यसमा एनभिडियाबाट ३० अर्ब, सफ्टब्याङ्कबाट ३० अर्ब र अमेजनबाट ५० अर्ब डलर समावेश थिए । उक्त लगानी घोषणासँगै ओपनएआईको मूल्याकन लगानीअघिको अवस्थामा ७३० अर्ब डलर पुगेको कम्पनीले जनाएको थियो ।

यसको अर्थ एनभिडिया ओपनएआईको प्रमुख चिप आपूर्तिकर्ता मात्र होइन, उसको लगानीकर्तासमेत हो। ओपनएआईले एनभिडियाका चिप प्रयोग गरेर आफ्नो एआई पूर्वाधार विस्तार गर्छ भने एनभिडियाले त्यसको विस्तारमा लगानी गर्ने योजना बनाएको छ।

माइक्रोसफ्ट, एनभिडिया र एन्थ्रोपिक

सन् २०२५ नोभेम्बर १८ मा माइक्रोसफ्ट, एनभिडिया र एन्थ्रोपिकले रणनीतिक साझेदारी घोषणा गरेका थिए। एन्थ्रोपिकले माइक्रोसफ्टको क्लाउड सेवा एज्योरबाट ३० अर्ब डलरबराबरको कम्प्युटिङ क्षमता खरिद गर्ने प्रतिबद्धता जनाएको थियो। त्यस्तै, थप एक गिगावाटसम्मको कम्प्युटिङ क्षमता सम्झौता गर्ने योजना थियो।

यसै साझेदारीअन्तर्गत एनभिडियाले एन्थ्रोपिकमा १० अर्ब डलर र माइक्रोसफ्टले ५ अर्ब डलरसम्म लगानी गर्ने प्रतिबद्धता जनाएका थिए। एन्थ्रोपिकले एनभिडियाका ग्रेस ब्ल्याकवेल र भेरा रूबिन प्रणाली प्रयोग गर्ने योजना पनि सार्वजनिक गरेको थियो । यो संरचनामा एनभिडिया र माइक्रोसफ्ट दुवै एन्थ्रोपिकका लगानीकर्ता हुन्। एन्थ्रोपिक भने माइक्रोसफ्टको क्लाउड ग्राहक हो। उसको कम्प्युटिङ सेवामा एनभिडियाका चिप प्रयोग हुनेछन्।

ओपनएआई र ओराकल : ३०० अर्ब डलरको सम्झौता

सन् २०२५ सेप्टेम्बरमा ओपनएआई र ओराकलबीच करिब ५ वर्षमा ३०० अर्ब डलरबराबरको क्लाउड कम्प्युटिङ सेवा खरिद गर्ने सम्झौता भएको विवरण वाल स्ट्रिट जर्नलले सार्वजनिक गरेको थियो। ब्लुमबर्गले पनि उक्त समाचारलाई उद्धृत गरेको थियो।

सम्झौताअनुसार ओराकलले ओपनएआईलाई आवश्यक कम्प्युटिङ क्षमता उपलब्ध गराउनेछ। त्यसका लागि करिब ४.५ गिगावाट विद्युत् क्षमता आवश्यक पर्ने बताइएको थियो।

यी उदाहरणले एआई कम्पनी, चिप उत्पादक र क्लाउड सेवा प्रदायकबीच लगानी र खरिदको घनिष्ठ सम्बन्ध देखाउँछन्। एउटै कम्पनी एकातिर लगानीकर्ता छ भने अर्कोतिर आपूर्तिकर्ता वा ग्राहक पनि हुन सक्छ ।

तर यसलाई सबै कारोबारमा एउटै पैसा घुमाइएको वा कृत्रिम रूपमा आम्दानी बढाइएको प्रमाणका रूपमा लिन मिल्दैन। लगानी, सेवा खरिद र भविष्यको क्षमता प्रयोग गर्ने सम्झौता फरक वित्तीय तथा व्यावसायिक कारोबार हुन्। तिनको वास्तविक जोखिम बुझ्न सम्झौताको अवधि, भुक्तानीको सर्त, प्राप्त आम्दानी र कम्पनीको नगद प्रवाह छुट्टाछुट्टै हेर्नुपर्छ ।

चक्रीय लगानीको मुख्य जोखिम भनेको आपसमा निर्भर कम्पनीमध्ये एउटाले अपेक्षित आम्दानी गर्न नसके त्यसको असर अर्को कम्पनीसम्म पुग्न सक्नु हो। उदाहरणका लागि, एआई कम्पनीले भविष्यमा ठूलो आम्दानी हुने अनुमानका आधारमा क्लाउड सेवा खरिद गर्ने प्रतिबद्धता जनाएको छ। तर उसले पर्याप्त ग्राहक र आम्दानी जुटाउन सकेन भने सेवा खरिदको भुक्तानीमा समस्या आउन सक्छ। त्यसको असर क्लाउड प्रदायक, चिप आपूर्तिकर्ता र ती कम्पनीमा लगानी गर्ने संस्थासम्म पुग्न सक्छ।

चिपको कथा फाइबर अप्टिक्सजस्तो हुँदैन?

डट-कम बबलका बेला ग्लोबल क्रसिङले ठूलो मात्रामा फाइबर अप्टिक्स केबल बिछ्याएको थियो। तत्काल माग नहुँदा त्यसको केही क्षमता प्रयोगविहीन रह्यो। तर इन्टरनेटको प्रयोग बढ्दै जाँदा त्यही पूर्वाधारको आवश्यकता पनि बढ्यो । एआई क्षेत्रमा अहिले निर्माण भइरहेका चिप र डेटा सेन्टरको भविष्य पनि यही उदाहरणसँग जोडेर हेरिन्छ । तर दुवैको प्रकृति एउटै छैन ।

फाइबर अप्टिक्स केबलको आयु लामो हुन्छ। त्यसमा आवश्यक उपकरण र प्रविधि परिवर्तन गरेर पुरानो पूर्वाधारलाई लामो समयसम्म उपयोग गर्न सकिन्छ। चिप भने प्रविधिको पुस्ता परिवर्तनसँगै तुलनात्मक रूपमा छिटो पुरानो हुन सक्छ। नयाँ चिपले कम विद्युत् खपतमा बढी कम्प्युटिङ क्षमता दिन सक्छ। त्यसैले पुराना चिप सञ्चालन खर्च र कार्यक्षमताका आधारमा प्रतिस्पर्धी नहुन सक्छन्।

तर नयाँ चिप आएपछि पुराना चिप पूर्ण रूपमा बेकार हुन्छन् भन्ने पनि होइन। अत्यधिक क्षमता आवश्यक नपर्ने एआई काम, सामान्य अनुमान उत्पादन (इन्फरेन्स), डेटा प्रशोधन वा अन्य कम्प्युटिङ कार्यमा पुराना चिप प्रयोग गर्न सकिन्छ। त्यसैले चिपको मूल्य, उपयोगी आयु र पुनः प्रयोगको सम्भावना पनि लगानीको मूल्याङ्कन गर्दा हेर्नुपर्ने विषय हो ।

डेटा सेन्टरको हकमा पनि भवन मात्र पर्याप्त हुँदैन। त्यसलाई विद्युत्, पानी, नेटवर्क, शीतलीकरण र उपयुक्त चिप उपलब्ध हुनुपर्छ। कतिपय आयोजना समयमै विद्युत् आपूर्ति नपाउँदा ढिलो हुन सक्छन्। यसले निर्माणमा गरिएको लगानीबाट आम्दानी सुरू हुने समय पछाडि धकेल्न सक्छ।

एआई बबल फुट्दै छ कि बजारले जोखिमको मूल्याङ्कन गर्दै छ ?

नोभेम्बर ५ को बजार गिरावटलाई एआई बबल फुट्ने संकेतका रूपमा मान्न सकिन्न । त्यो दिन अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्र्याटको जितपछि डेटा सेन्टर निर्माणमा थप नियमन आउन सक्ने, पूर्वाधार विस्तार ढिलो हुन सक्ने र उच्च ब्याजदरले साना एआई कम्पनीलाई ऋण जुटाउन कठिन हुन सक्ने चिन्ताले पनि प्रविधि कम्पनीका सेयरमा दबाब पारेको थियो।

तर त्यसको केही दिनपछि वालस्ट्रिटका मोर्गन स्ट्यान्ली, युबीएस र एचएसबीसीजस्ता वित्तीय संस्थाले उक्त गिरावटलाई अतिप्रतिक्रिया भएको बताएका छन्। उनीहरूको विश्लेषणमा डेटा सेन्टर निर्माणका केही आयोजना सन् २०२८ बाट २०२९ सम्म धकेलिन सक्ने भए पनि एआई पूर्वाधारमा लगानीको दीर्घकालीन प्रवृत्ति रोकिने सम्भावना कम छ।

यसले बजारमा दुई प्रकारको धारणा रहेको देखाउँछ। एउटा पक्षका अनुसार अहिले एआई क्षेत्रमा भइरहेको खर्च भविष्यको आम्दानीको तुलनामा धेरै ठूलो छ। अर्को पक्षका अनुसार एआईको वास्तविक माग बढिरहेको छ र अहिलेको लगानी भविष्यको डिजिटल अर्थतन्त्रका लागि आवश्यक पूर्वाधार निर्माणमा भइरहेको छ ।

स्ट्यानफोर्ड विश्वविद्यालयको एआई इन्डेक्सले पनि सन् २०२५ मा संस्थागत एआई प्रयोग बढेको देखाएको छ। त्यसैले अहिलेको एआई उछाललाई सन् २००० को डट-कम बबलसँग पूर्ण रूपमा समान ठान्न मिल्दैन। इन्टरनेटले जस्तै एआईले पनि वास्तविक आर्थिक तथा सामाजिक उपयोगिता विकास गरिरहेको छ। प्रश्न त्यसको उपयोगितामा होइन, त्यसको नाममा भइरहेको लगानीको मूल्याङ्कन र प्रतिफलमा छ ।

अबको जोखिम कहाँ छ?

एआई कम्पनीहरूको सबैभन्दा ठूलो चुनौती अब शक्तिशाली मोडल बनाउनु मात्र होइन, त्यसलाई नाफामुखी व्यवसायमा रूपान्तरण गर्नु हो। प्रयोगकर्ता बढ्नु, एआईको प्रयोग संस्थागत हुनु र कम्पनीको मूल्याङ्कन बढ्नु सकारात्मक संकेत हुन्। तर तिनले कम्पनीको वास्तविक नाफा, नगद प्रवाह र ऋण तिर्ने क्षमता स्वतः प्रमाणित गर्दैनन् । कम्पनीहरूले भविष्यको मागका आधारमा डेटा सेन्टर निर्माण गरिरहेका छन्। तर माग अनुमानभन्दा कम भयो, चिपको मूल्य घट्यो, नयाँ प्रविधि अपेक्षाभन्दा छिटो आयो वा ग्राहकले खरिद सम्झौता पूरा गर्न सकेनन् भने लगानीको प्रतिफल कमजोर हुन सक्छ।

त्यसैले लगानीकर्ताले अब कम्पनीको सेयर मूल्य मात्र होइन, सञ्चालनबाट आएको आम्दानी, नगद प्रवाह, ऋणको भार, डेटा सेन्टरको उपयोग दर, विद्युत् लागत र दीर्घकालीन ग्राहक सम्झौताको गुणस्तर पनि हेर्न थालेका छन्।

डट-कम बबल फुट्दा इन्टरनेटको विकास रोकिएन। तर इन्टरनेटको भविष्य देखेर लगानी गरेका सबै कम्पनी सफल भएनन्। आज एआईमा पनि त्यस्तै हुन सक्छ । एआई प्रविधि भविष्यमा अझ प्रभावशाली र उपयोगी बन्न सक्छ, तर अहिले यस क्षेत्रमा लगानी गरिरहेका सबै कम्पनी सफल हुन्छन् भन्ने छैन ।

एआई बबल कहिले फुट्छ भन्ने निश्चित मिति कसैले भन्न सक्दैन। अझ अहिलेको बजारलाई पूर्ण रूपमा बबल नै हो भन्न पनि पर्याप्त आधार छैन। तर खर्बौं डलरको लगानी, कम्पनीहरूबीचको बढ्दो वित्तीय अन्तरनिर्भरता, ऋणमा आधारित पूर्वाधार विस्तार र भविष्यको आम्दानीमाथिको अत्यधिक अपेक्षाले जोखिम भने बढाएको छ। एआईको दौडमा अब प्रश्न कसले सबैभन्दा शक्तिशाली मोडल बनाउँछ भन्ने मात्रै छैन, कसले आँफ्नानो लगानीलाई दिगो आम्दानी र नाफामा रूपान्तरण गर्न सक्छ भन्ने पनि हो।

अनलाइनखबरबाट (त्रिपाठी एआईका विद्यार्थी हुन् ।)

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाले सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

आइरन तथा फोलिक एसिड नियमित सेवन गरौं, स्वस्थ आमा र शिशुको सुनिश्चितता गरौं

गर्भावस्थामा आमा र शिशुको स्वास्थ्य तथा उचित विकासका लागि आइरन तथा फोलिक एसिडको नियमित सेवन आवश्यक हुन्छ ।

आइरन तथा फोलिक एसिड सेवनका फाइदाहरू :

- गर्भावस्थामा हुने रक्तअल्पता रोकथाम गर्न ।
- आमा र शिशुको स्वास्थ्य तथा पोषण सुधार गर्न ।
- शिशुको मस्तिष्क तथा मेरूदण्डको उचित विकासमा सहयोग गर्न
- शिशुमा हुने जन्मजात न्युरल ट्युबसम्बन्धी समस्याको जोखिम कम गर्न ।

गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू:

- स्वास्थ्यकर्मीको सल्लाहअनुसार दैनिक आइरन तथा फोलिक एसिड सेवन गर्ने ।
- तोकिएको मात्रा र अवधिसम्म नियमित सेवन गर्ने ।
- नियमित गर्भजाँच गराउने ।
- हरियो सागपात, गेडागुडी, फलफूल तथा अन्य पोषणयुक्त खानेकुरा खाने ।
- कुनै समस्या देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नियमित सेवन गरौं, रक्तअल्पताबाट बचौं, स्वस्थ आमा र स्वस्थ शिशुको भविष्य सुनिश्चित गरौं ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

घान्द्रुक, सिक्लेस र ल्वाङमा पर्यटकको घुईचो, बास पाउनै मुस्किल

भञ्ज्याङ समाचारदाता/कास्की

तिहार र छठको बिदासँगै पर्यटकीय याम उत्कर्षमा पुगेपछि कास्कीका घान्द्रुक, सिक्लेस र ल्वाङ गाउँ पर्यटकले भरिभराउ भएका छन् । आन्तरिक पर्यटकको उल्लेख्य आगमनसँगै यी गाउँका होटल र घरबासमा पाहुनाको चाप बढेको छ । कतिपय पर्यटकले अग्रिम बुकिङ नगर्दा आवास पाउन कठिन भएको छ ।

अन्नपूर्ण गाउँपालिका-१० र ११ मा पर्ने घान्द्रुकमा तिहारको भोलिपल्टदेखि पर्यटकको चहलपहल बढेको हो । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरूङका अनुसार अहिले दैनिक तीन हजार चार सयदेखि तीन हजार पाँच सयसम्म पर्यटक गाउँ पुगिरहेका छन् । पर्यटकको चापले होटलमा कोठा पाउन कठिन भएपछि समितिले अग्रिम 'बुकिङ' गरेर मात्र भ्रमणमा आउन आग्रह गरेको छ ।

घान्द्रुक पुग्नेमा अधिकांश आन्तरिक पर्यटक छन् भने भारतीय तथा अन्य मुलुकका पर्यटकको आगमन पनि भइरहेको छ। अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घान्द्रुक अन्नपूर्ण आधार शिविर र पुनहिल-घोरेपानी पदमार्गमा पर्ने भएकाले पदयात्रीका लागि विश्रामस्थलसमेत हो ।

अन्नपूर्ण र माछापुच्छ्रे हिमश्रृंखलाको मनोरम दृश्य, गुरूङ समुदायको मौलिक संस्कृति, गाउँले परिवेश र स्थानीय आतिथ्य घान्द्रुकका मुख्य आकर्षण हुन् । सडक पहुँच विस्तार भएपछि पछिल्लो समय आन्तरिक पर्यटकको आगमन थप बढेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । पर्यटन व्यवस्थापन समितिका अनुसार गाउँमा रिसोर्टसहित ८० होटल र ३५ घरबास सञ्चालनमा छन् ।

मादी गाउँपालिका-१ स्थित सिक्लेस गाउँमा पनि पर्यटकको चाप उस्तै छ । पर्यटक सूचना केन्द्रका अनुसार तिहारको भोलिपल्ट एक हजार ३२४ जना पर्यटक सिक्लेस पुगेका थिए । एकैपटक ठूलो संख्यामा पर्यटक आउँदा होटल व्यवस्थापनमा कठिनाइ भएको स्थानीय व्यवसायीले बताएका छन् ।

नमस्ते गेस्ट हाउसका सञ्चालक झरना गुरूङका अनुसार होटल आइतबारसम्मका लागि बुकिङ भइसकेको छ । नयाँ पाहुनालाई कोठा उपलब्ध गराउन कठिन भएपछि पर्यटकलाई होटलको अवस्था बुझेर अग्रिम बुकिङ गर्न आग्रह गरिएको उनले बताइन् ।

हिमालको काखमा अवस्थित सिक्लेस प्राकृतिक सौन्दर्यसँगै गुरूङ संस्कृति र परम्पराका लागि परिचित छ । एकै बान्कीका ढुङ्गा र जस्ताका छाना भएका घर, ढुङ्गे आँगन र बाटा, पुराना शैलीका झ्यालढोका तथा साँघुरा गल्लीले गाउँको मौलिक पहिचान झल्काउँछन् । मादी खोला, हरियाली वनपाखा र हिमाली दृश्यले जोकोही मन्त्रमुग्ध हुन्छन्।

गुरूङ संग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, मौलिक भेषभूषा, नाचगान र स्थानीय परिकार यहाँका थप आकर्षण हुन् । सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पदयात्राका लागि आउने पर्यटकको संख्या पनि बढेको स्थानीय व्यवसायी बताउँछन् । दुई दशकअघि सामुदायिक घरबासबाट सुरू भएको यहाँको पर्यटन व्यवसाय अहिले होटल र घरबाससम्म विस्तार भएको छ ।

पोखरा महानगरपालिकासँग जोडिएको माछापुच्छ्रे गाउँपालिका-८ को ल्वाङ गाउँमा पनि पर्यटकको आगमन बढेको छ । तिहारको भोलिपल्टदेखि होटल र घरबासमा पाहुना भरिएपछि व्यवस्थापनमा कठिनाइ भएको ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष मञ्जु गुरूङले बताइन् ।

विसं २०६७ मा सात घरबाट सुरू भएको ल्वाङको घरबास व्यवसाय अहिले २६ घरमा विस्तार भएको छ । यहाँका घरबासमा एकै रातमा ४ सय सम्म पाहुनालाई आवासको व्यवस्था गर्ने क्षमता छ। प्रकृति र गुरूङ संस्कृतिको अनुभव लिन चाहने पर्यटकका लागि ल्वाङ लोकप्रिय गन्तव्य बन्दै गएको छ ।

समुद्र सतहबाट एक हजार ४ सय मिटर उचाइमा रहेको ल्वाङबाट माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृंखलामा देखिने सूर्योदयको दृश्य आकर्षक मानिन्छ । गाउँको सिरानमा एक हजार २ सय रोपनी क्षेत्रफलमा फैलिएको चियाबारी यहाँको अर्को प्रमुख आकर्षण हो। चियाबारी, गुरूङ संस्कार, रैथाने खाना र स्थानीय जीवनशैलीको अनुभव लिन स्वदेशी तथा विदेशी पर्यटक गाउँ पुग्ने गरेका छन् ।

ल्वाङमा पर्यटकले स्थानीय परिकार बनाउने तरिका, खेतीपाती र निगालोबाट डोको तथा सेखुजस्ता सामग्री बनाउने सीपबारे जानकारी लिन पाउँछन्। अन्नपूर्ण आधार शिविर र मर्दी पदमार्ग जाने पर्यटकले पनि यहाँ विश्राम गर्ने गरेका छन्। नजिकैको पोखरा क्यानोनिङ र घलेल गाउँले यस क्षेत्रको पर्यटकीय आकर्षण थपेका छन् ।

पोखराबाट घान्द्रुक, सिक्लेस र ल्वाङसम्म सडकबाट पुग्न सकिने भएकाले यी गाउँको भ्रमण सहज बनेको छ। प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति, पदयात्रा र घरबासको अनुभवले यी गन्तव्य पर्यटकको रोजाइमा पर्दै आएका छन् । तिहार र छठको बिदासँगै बढेको पर्यटक आगमनले स्थानीय पर्यटन व्यवसायलाई चलायमान बनाएको छ भने पर्यटकको चाप व्यवस्थापन र पर्याप्त आवासको उपलब्धता चुनौतीका रूपमा देखिएको छ ।



facebook twitter



Sanjeev
x.com/sanpokh

हाम्रा प्रधानमन्त्री बालेन शाहले COP31 मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुपर्थ्यो, विश्वका अन्य नेताहरूसँग भेटघाट गर्नुपर्थ्यो, नेपालको चासो र रणनीति प्रस्तुत गर्नुपर्थ्यो, जलवायु परिवर्तन सम्बन्धी प्रतिबद्धता कार्यान्वयनमा देखिएको गम्भीर खाडलबारे नेपालको अनुभव सुनाउनुपर्थ्यो, विश्वका अन्य नेताहरूका विचार र प्रस्तावहरू सुन्नुपर्थ्यो र आवश्यक पर्दा वार्ता तथा संवादमार्फत नेपालको पक्ष स्थापित गर्नुपर्थ्यो भन्ने सोच राख्नेहरूको आशावादिता देखेर मलाई ईर्ष्या लाग्छ! मेरो विचारमा, बालेनले आफूले सबैभन्दा राम्रोसँग गर्न सक्ने काम नै गरिरहेका थिए र छन् त्यो हो- कुमार बेनसँग देउसी खेल्ने !

लेकसाइडमा तीन दिनमा ४४ जनालाई नियन्त्रण

भञ्ज्याङ समाचारदाता/पोखरा

पोखराको लेकसाइड क्षेत्रमा अवैध तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्न सञ्चालन गरिएको 'अपरेसन सभ्यता'अन्तर्गत तीन दिनमा ४४ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय कास्कीले गत बुधबारदेखि शुक्रबारसम्म गरेको कारबाहीमा विभिन्न गतिविधिमा संलग्न उनीहरूलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाएको हो ।

प्रहरीका अनुसार मादक पदार्थ सेवन गरी झैझगडा गर्ने २८, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने छ, प्रहरीसँग झैझगडा तथा वादविवाद गर्ने पाँच, हतियार बोकेर हिँड्ने दुई, महिला तथा बालबालिकामाथि दुर्व्यवहार गर्ने दुई र जुवाजन्य खेल झण्डीबुर्जा खेलाउने एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक रामजी देवकोटाका अनुसार सोही अवधिमा ८१ वटा सवारीसाधनलाई समेत नियन्त्रणमा लिएर कारबाही गरिएको छ । तीमध्ये ५७ जना चालकले मादक पदार्थ सेवन गरेको पाइएको छ भने एक जना चालकलाई अन्य ट्राफिक कसुरमा कारबाही गरिएको छ । बाँकी २३ वटा सवारीसाधन वडा प्रहरी कार्यालय बैदाममा राखेर थप अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

पोखरा महानगरपालिका-६ स्थित लेकसाइड क्षेत्रमा बढ्दै गएको झैझगडा, आपसी विवाद, पर्यटकमाथि दुर्व्यवहारलगायत अवाञ्छित गतिविधि नियन्त्रण गर्न प्रहरीले गत कात्तिक १८ गतेदेखि विशेष अभियान सञ्चालन गरेको थियो । यस्ता गतिविधिले लेकसाइडको पर्यटकीय छविमा असर पार्नुका साथै शान्तिसुरक्षामा समेत चुनौती थपिएको जनगुनासो बढेपछि 'अपरेसन सभ्यता' सुरू गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार अभियान सुरू भएयता हालसम्म १४० जना व्यक्ति र २९३ वटा सवारीसाधनलाई कारबाहीको दायरामा ल्याइएको छ । प्रहरीले पर्यटकीय क्षेत्रको सुरक्षा, मर्यादा र सभ्य वातावरण कायम गर्न अभियानलाई निरन्तरता दिएको जनाएको छ ।

गाँजाले शरीरमा कस्तो .....

सकिँदैन ।' विशेषगरी युवा तथा पुरूषहरु यसको उच्च जोखिममा रहने गर्दछन् । अझ चिन्ताको विषय, यस्तो मानसिक भ्रम भोग्नेमध्ये एक-तिहाइसम्म व्यक्तिहरु पछि गएर 'स्किजोफ्रेनिया' जस्तो स्थायी मानसिक रोगको सिकार बन्ने सोल्मीको भनाइ छ ।

विभिन्न अध्ययनहरूले बारम्बार गाँजा सेवन गर्नेहरूमा डिप्रेसन बढ्ने र प्रेम सम्बन्धमा रहेका जोडीहरूबीच हिंसात्मक व्यवहार वृद्धि हुने देखाएका छन् । यसका अतिरिक्त, गाँजाले सोच्ने-बुझ्ने क्षमता र दृष्टिमै कमजोरी ल्याउने भएकाले नशाको सुरमा सवारी चलाउँदा दुर्घटना हुने क्रम पछिल्ला वर्षहरूमा बढेको छ ।

विशेषगरी किशोरकिशोरीहरूको मानसिक स्वास्थ्यमा पर्ने दीर्घकालीन असरप्रति विज्ञहरु बढी चिन्तित छन्। २१ वर्षभन्दा कम उमेरका लागि कुनै पनि राज्यमा गाँजा खुला नगरिए पनि अमेरिकामा कक्षा १० का करिब १७ प्रतिशत विद्यार्थीहरूले यसको प्रयोग गर्ने गरेको तथ्याङ्क छ। नियमित गाँजा सेवन नगर्ने साथीहरूको तुलनामा सेवन गर्ने किशोरकिशोरीहरु वयस्क उमेरमा पुग्दा डिप्रेसनको सिकार हुने जोखिम ३७ प्रतिशत बढी हुन्छ । उनीहरूमा आत्महत्याको दर पनि उच्च देखिएको छ ।

रहमानदारका अनुसार, 'किशोरावस्थामा मस्तिष्क परिपक्व हुने र अनावश्यक स्नायु सञ्जालहरु छाँट्ने प्रक्रिया चलिरहेको हुन्छ। त्यसैले यस्तो बेला नशालु पदार्थ दिमागमा पर्दा वयस्कको तुलनामा किशोरकिशोरीमा बढी गम्भीर प्रभाव पर्छ ।'

गाँजा र मुटुरोगको सम्बन्ध

गाँजाको नियमित प्रयोगले गम्भीर शारीरिक समस्याहरु समेत निम्त्याउन सक्छ। 'जर्नल अफ द अमेरिकन हार्ट एसोसिएसन' मा प्रकाशित अध्ययन अनुसार नियमित गाँजा प्रयोगकर्ताहरूमा हृदयघात, मस्तिष्कघात (स्ट्रोक) र अन्य मुटुरोगको जोखिम उच्च रहन्छ। नियमित सेवनकर्ताहरूमा हृदयघातको दर २५ प्रतिशत र स्ट्रोकको जोखिम ४२ प्रतिशतले बढेको अनुसन्धानकर्ताहरूले फेला पारेका छन्।

टीएचसीले धमनीहरुको रक्तसञ्चारमा असर पार्ने र मुटुसम्बन्धी सम्पूर्ण प्रणालीमा 'क्यानाबिनोइड रिसेप्टर्स' हुने भएकाले यस्तो असर देखिने अध्ययनकर्ताहरूको भनाइ छ। गाँजालाई धुवाँका रूपमा तान्नेहरूमा टीएचसीका साथै भित्र जाने सूक्ष्म कणहरूले गर्दा मुटुरोगको जोखिम अझ थपिन्छ ।

केमोथेरापीपछि हुने वाकवाकी र वान्ता रोक्न गाँजा उपयोगी हुने केही अध्ययनले देखाए पनि नियमित प्रयोगकर्ताहरु 'क्यानाबिनोइड हाइपरमेसिस सिन्ड्रोम' भनिने लामो समयसम्म निरन्तर वान्ता हुने समस्याबाट पीडित हुन सक्ने बीएमजेको समीक्षाले देखाएको छ । हासिन भन्छिन्, 'यो समस्या दुर्लभ भए पनि प्रयोगकर्ता बढ्दैगै यसका बिरामीहरु पनि बढिरहेका छन्।'

गर्भवती महिलाले नियमित गाँजा सेवन गर्दा समयअगावै बच्चा जन्मिने र शिशुको तौल अस्वाभाविक रूपमा कम हुने सम्भावना रहन्छ । यस्तो अवस्था गाँजाकै कारणले भएको हो वा गर्भवती हुँदा गाँजा सेवन गर्नेहरूको अन्य जीवनशैलीसँग सम्बन्धित छ भन्ने विषयमा थप अनुसन्धान आवश्यक रहेको सोल्मीको भनाइ छ।

गाँजाको लतः एउटा गम्भीर समस्या

धेरैले गाँजालाई मदिराभन्दा सुरक्षित मान्ने गरे पनि प्रत्येक पाँच जना प्रयोगकर्तामध्ये एक जना यसको कुलतमा फस्ने गर्छन्। यसको लतका लक्षणहरु अन्य नशालु पदार्थको जस्तै हुन्छन्।

हासिनका अनुसार, 'यदि कसैलाई गाँजा खान अत्यधिक तलतल लाग्छ, पुरानै आनन्द पाउन मात्रा बढाउँदै लैजानुपर्ने हुन्छ र छोड्न खोज्दा पनि सफल भइँदैन भने त्यो कुलतको स्पष्ट चेतावनी हो ।' मदिराजस्तै गाँजाको लतले पनि व्यक्तिगत, आर्थिक, कानुनी र स्वास्थ्यसम्बन्धी समस्याहरु निम्त्याउन सक्छ।

केही समूहहरु यस लतको उच्च जोखिममा छन्। सन् २००५ यता पूर्वसैनिकहरूमा यसको कुलत उल्लेख्य रूपमा बढेको हासिनले आफ्नो अध्ययनमा फेला पारेकी छन्। यसको कारण गाँजाको बढ्दो शक्ति, कानुनी मान्यतासँगै समाजमा बढेको स्वीकार्यता र दीर्घरोगको दुखाइ तथा मानसिक समस्या कम गर्न आफैं गाँजा खाने बानी रहेको उनको बुझाइ छ । उनी भन्छिन्, 'पूर्वसैनिकहरूलाई दिइने अनावश्यक ओपियोइड औषधि घटाउन सरकारी निकाय सफल भएपछि कतिपय पूर्वसैनिक गाँजातर्फ आकर्षित भएका हुन सक्छन् ।'


युवाहरु पनि यो समस्याको ठूलो जोखिममा छन्। कम उमेरमै गाँजा खान सुरू गर्ने वा परिवारमा कुलतको इतिहास भएका युवाहरु यस समस्यामा फस्ने सम्भावना निकै उच्च हुन्छ । सोल्मी भन्छन्, '२५ वर्षभन्दा कम उमेरका व्यक्तिहरूले गाँजाबाट पूर्ण रूपमा टाढै रहनुपर्छ। गाँजाले उनीहरूको शरीरमा कस्तो असर गर्छ भन्ने पहिल्यै थाहा हुँदैन। यस्तो उमेरमा गाँजा खानु भनेको आँनो दिमाग र स्वास्थ्यमाथि जुवा खेल्नुजस्तै हो ।'

रहमानदार स्पष्ट पार्छिन्, 'यो कुनै हानि नपुऱ्याउने वस्तु होइन। धेरैजसो प्रयोगकर्ता सामान्य देखिए पनि नियमित प्रयोग गर्दा कसमा कस्तो गम्भीर समस्या देखिन्छ भनेर पहिल्यै अनुमान गर्न सकिँदैन।' नेसनल जियोग्राफी, रातोपाटीबाट

गोरखाको ठाडो भन्याङमा ठूलो सुक्खा पहिरो खस्यो

भञ्ज्याङ समाचारदाता/गोरखा

उत्तरी गोरखाको धार्चे गाउँपालिका-१ स्थित ठाडो भन्याङ क्षेत्रमा शनिबार बिहान ठूलो सुक्खा पहिरो खसेको छ । बुढीगण्डकी नदीपारिको डाँडाबाट धुलोसहित खसेको पहिरोका कारण हालसम्म मानवीय तथा भौतिक क्षति नभएको प्रहरीले जनाएको छ ।





जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार शनिबार बिहान करिब ८:३० बजे पहिरो खसेको हो। पहिरोको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी जगतबाट प्रहरी सहायक निरीक्षक ऋषिराम यादवको कमान्डमा चार जनाको प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो ।

पहिरो खस्दा ठूलो आवाज आएको र बाक्लो धुलो उडेको स्थानीयले बताएका छन् । पहिरोको आवाज र धुलो निकै टाढासम्म पुगेको थियो । पहिरोले बुढीगण्डकी नदीको बहावमा कुनै अवरोध नगरेको र नदीसमेत अवरुद्ध नभएकाले तत्काल तल्लो तटीय क्षेत्रमा जोखिम नरहेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए ।

पहिरो थप खस्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै नदीको बहाव, आसपासका बस्ती र बाटोको अवस्थाबारे निगरानी राखिएको प्रहरीले जनाएको छ । प्रहरीले सम्भावित जोखिमबाट जोगिन आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४